# आर्थिक वर्ष २०७७/७८ को वार्षिक
# बजेट, नीति तथा कार्यक्रम



## लुम्बिनी साँस्कृतिक नगरपालिका

### लुम्बिनी, रूपन्देही

**लुम्बिनी साँस्कृतिक नगरपालिकाको तर्फबाट नगरसभामा उप प्रमुख तथा बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजक श्री जानकीदेवी श्रीवास्तव ज्यूबाट प्रस्तुत गरिएको आ.व. २०७७/०७८ को प्रस्तावित वार्षिक बजेट तथा कार्यक्रम**

यस सम्मानीत नगरसभामा उपस्थित नगरसभाका अध्यक्ष नगर प्रमुख ज्यू, सम्पूर्ण नगर सभाका सदस्य ज्यूहरु, प्रमुख प्रशासकिय अधिकृत लगायत सबै राष्ट्रसेवक कर्मचारी ज्यूहरु, लगायत उपस्थित सम्पूर्ण सहभागि ज्यूहरु लुम्बिनी साँस्कृतिक नगरपालिकाको पाँचौ नगरसभामा बजेट तथा कार्यक्रम प्रस्तुत समारोहमा हाम्रो आमन्त्रणलाई स्विकार गरी उपस्थिती हुनु भएकोमा मेरो व्यक्तिगत तर्फ र नगरपालिका बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकको तर्फबाट हार्दिक स्वागत गर्न चाहन्छु । साथै यो ऐतिहासिक अवसर जनमत मार्फत मलाई प्राप्त भएकोमा म आफूलाई असाध्यै भाग्यमानी ठानेको व्यहोरा समेत यो जनताको प्रतिनिधिमूलक गरिमामय नगरसभा समक्ष अनुरोध गर्दै यो अवसरमा सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु प्रति श्रद्धा सुमन समेत प्रकट गर्दछु ।

**श्रद्धय नगर प्रमुख एवं सदस्य ज्यूहरु,**

**अव म नगरपालिकाको आ.व. २०७७/०७८ को समग्र क्षेत्रका प्रस्तावित नीति, कार्यक्रम, बजेटको सारसंक्षेप प्रस्तुतीका लागि अनुमती माग्दछु ।**

आ.व. २०७७/०७८ को प्रस्तावित आय व्यय अनुमानः

आ.व.२०७७/०७८ मा संघबाट समानीकरण अनुदान तर्फ रु.१८,१९,००,०००।- (अक्षरुपी अठार करोड उन्नइस लाख) शसर्त अनुदान तर्फ रु.३०,४३,००,०००।- (अक्षरुपी तिस करोड त्रिचालिस लाख) राजश्व बाँडफाड तर्फ रु.१२०६३१५७१।- (अक्षरुपी बाह्र करोड छ लाख एकतिस हजार पाँच सय एकत्तर) हुने अनुमान गरिएको छ भने प्रदेशबाट समानीकरण अनुदान तर्फ रु.५२,०३,०००।- (अक्षरुपी वाउन्न लाख तिन हजार) शसर्त अनुदान तर्फ रु.१७८५०,०००।- (अक्षरुपी एक करोड अठहत्तर लाख पचास हजार) र राजश्व बाँडफाँड तर्फ रु.१,०१२,७०००।- (अक्षरुपी एक करोड बाह्र लाख सात हजार) हुने अनुमान गरिएको छ, भने आन्तरिक श्रोत रु.१००५००००।- (अक्षरुपी एक करोड पचास हजार), प्रदेश सरकार समपुरक अनुदान तर्फ रु. २००००००००(अक्षरेपी दुई करोड) विशेष अनुदान तर्फ रु७००००००/- (अक्षरुपी सत्तरी लाख मात्र) हुने अनुमान गरिएको छ । साथै सामाजिक सुरक्षा सशर्त कार्यक्रम तर्फ रु.१४,५०,०००००।०० (अक्षरुपी चौध करोड पचास लाख), सडक बोर्ड तर्फ रु.३००००००/- (अक्षरुपी तिस लाख), युनिसेफ (वास) तर्फ रु.४००००००/- (अक्षरुपी चालिस लाख), गरी जम्मा रु.८२९०६१५७१/- (बयासी करोड नब्वे लाख एकसठ्ठी हजार पाँच सय एकत्तर मात्र) विनियोजन गरिएको छ । जसमध्ये चालुतर्फ शसर्त र सामाजिक सुरक्षा बाहेक ११७२२९८४०/- (एघार करोड बहत्तर लाख उनन्तीस हजार आठ सय चालिस मात्र), पुजिगत तर्फ शसर्त अनुदान बाहेक रु.२१२२८८७३१।- (एक्काईस करोड वाईस लाख अठासी हजार सात सय एकतिस मात्र) विनियोजन गरिएको छ ।

**गत आ.व.को असार मसान्त सम्मका प्रमुख उपलब्धीहरु**

नगर सभाको निर्णय अनुसारको विभिन्न भौतिक पूर्वाधार सहितको कार्यक्रममा कोभिड १९ को कारण वाधा उत्पन्न भएको भई लक्ष्य अनुसारको काम सम्पन्न हुन सकेका छैनन यसका वावजुद पनि ७०% बढी कार्यक्रम सम्पन्न भएको छ । कार्यालयलाई थप सूचनामैत्री बनाउँदै नगरपालिका कार्यालयमा सूचना प्रविधि (सि.सि. क्यामरा तथा (विद्युतिय हाजिरी) जडान गरिएको छ, कार्यालय फर्निचर व्यवस्थापन, एम्बुलेन्स व्यवस्थापन, मर्मत सम्भार व्यवस्थापन, मेसिनरी औजार (भ्याकु लोडर) व्यवस्थापन, फोहोरमैला व्यवस्थापन, सामाजिक सुरक्षालाई अनलाईन प्रविधिमा प्रविष्ठ गरी बैंक मार्फत भत्ता वितरण गरी सेवा प्रवाहलाई नतिजामुखी तथा जवाफमुखी र पारदर्शी बनाउँदै लगिएको छ, खुला दिशामुक्त नगर घोषणा लगायत कर्मचारीहरुको क्षमता विकासका लागि ऐन कानुन नीति नियम तथा सूचनाको हक सम्बन्धि प्रशिक्षण कार्यहरु सम्पन्न भएका छन् ।

**श्रद्धेय नगरप्रमुख एवं सदस्य ज्यूहरु,**

अव म नगरपालिकाको एकिकृत विकास योजना आ.व. २०७७/०७८ को समग्र बजेट तथा कार्यक्रमहरु यहाँहरु समक्ष पेश गरेको गर्दछु, साथै वालिकाको ससक्तिकरणका लागि बेटी विमा कार्यक्रमलाई निरन्तरता प्रदान गरिएको छ, विपन्न वर्गहरुको लागि फुसको छानो विस्तापित कार्यक्रमलाई पथ प्रभावकारी बनाउँदै लगिनेछ, नदी कटान रोक्नका लागि वायो ईन्जिनियरिङ्ग प्रविधिको प्रयोग जस्ता महत्वपूर्ण क्षेत्रमा बजेट विनियोजन गरी नगरपालिकालाई सम्मुन्नत क्षेत्रको रुपमा पहिचान गराउने प्रयास गरेको व्यहोरा निवेदन गर्न चाहन्छु ।

अन्त्यमा यस नगरपालिकाले अघि सारेको दीर्घकालिन सोच, उदेश्य, प्राथमिकता, नीति तथा कार्यक्रमको यो भूमिकामा पुऱ्याउने तथा विकास प्रेमी आम नागरिक, राजनैतिक बौद्धिक वर्ग र समाजसेवीहरुको व्यापक सहभागिता र परामर्शमा समस्त आर्थिक सामाजिक भौतिक तथा वातावरणीय विकासका साझा सहमतीको प्रतिवद्धताका साथ नगर कार्यपालिकाबाट पारित भएको प्रस्तुत बजेट नीति र कार्यक्रम पारित र कार्यान्वयनमा सक्रिय सहभागि भईदिनुहुन श्रद्धेय नगर प्रमुख ज्यू लगायत सबै नगरसभासदस्य ज्यूहरु, राष्ट्रसेवक कर्मचारी मित्र, संघ संस्थाहरुलाई सृजनात्मक, सकारात्मक, रचनात्मक सहयोगको लागि अनुरोध गर्दै म बजेट तथा कार्यक्रम समितिका पदाधिकारी, विषयगत समितिका पदाधिकारीहरु, बुद्धिजिबी, समाजसेवी, शिक्षक प्रध्यापक, राष्ट्रिसेवक कर्मचारी , पत्रकार लगायत सबैलाई हार्दिक धन्यवाद दिदै सदस्य ज्यूहरुको ओजपूर्ण एवं गरिमामय सहभागिता र छलफलबाट यो वार्षिक, बजेट पास गर्नुहुनेछ भन्ने अपेक्षा र छलफलमा सहभागिताको लागि अनुरोध गर्दै सम्पूर्ण प्रति आभार प्रकट गर्दै विदा हुन चाहन्छु । धन्यवाद

**नगर उप प्रमुख**

**बजेट तथा कार्यक्रम तर्जुमा समिति**

**संयोजक**